# COVID-19 खोप र प्रजनन स्वास्थ्य
## प्रायः सोधिने प्रश्नहरू

Vaccinate WA
CovidVaccineWA.org

COVID-19 खोपहरूले प्रजनन स्वास्थ्यलाई कसरी असर गर्न सक्छ भन्ने बारेमा चिन्ता हुनु स्वाभाविक हो । Centers for Disease Control and Prevention (CDC, रोग नियन्त्रण तथा रोकथाम केन्द्र) ले अहिले गर्भवती हुन खोजिरहेका वा भविष्यमा गर्भवती हुन सक्ने लगायत 6 महिना वा सोभन्दा बढी उमेरका सबै व्यक्तिहरूका लागि COVID-19 खोप लगाउन सिफारिस गर्दछ । COVID-19 विरुद्धको खोप लगायत अन्य कुनै पनि खोपले महिला वा पुरुषको प्रजनन क्षमतामा असर गर्ने कुराको हालसम्म कुनै पनि प्रमाण भेटिएको छैन ।

पहिले सामना गरेका प्रजननसँग सम्बन्धित संघर्षहरू, अस्वेत मानिसहरूको जातिभेदी व्यवहारको ऐतिहासिक आघात वा मेडिकल क्षेत्रभित्र सामान्यतया बेवास्ता गरिने महिला/ट्रान्स (अन्तरलिङ्गी) पुरुष र महिला/कुनै लिङ्गसँग पहिचान नगर्ने व्यक्तिका स्वास्थ्य सम्बन्धी गुनासोहरूका कारणले केही पाठकहरू यस कागजातमा समेटिएका विषयहरूप्रति संवेदनशील हुन सक्छन् ।

**COVID-19 विरुद्धको खोप र प्रजनन स्वास्थ्यका बारेमा केही सामान्य प्रश्नहरूको जवाफ जान्न तल हेर्नुहोस् ।**

### प्रश्न: के COVID-19 विरुद्धको खोप लगाउनाले मेरो बच्चा जन्माउने क्षमतामा प्रभाव पर्ने छ ?

**उत्तर:** COVID-19 विरुद्धको खोप लगायत कुनै पनि खोपले जुनसुकै लिङ्गको भए पनि प्रजनन क्षमतामा असर गर्छ भन्ने कुराको कुनै प्रमाण भेटिएको छैन । खोपहरूले कोरोनाभाइरससँग लड्न तपाईंको शरीरको प्रतिरक्षा प्रणालीसँग काम गर्दछन् र तपाईंको प्रजनन अङ्गहरूमा कुनै हस्तक्षेप गर्दैनन् । COVID-19 विरुद्धका खोपहरूको क्लिनिकल परीक्षणहरूमा र गर्भधारण गर्ने प्रयास गरिरहेका दम्पत्तिहरूको ठूलो सम्भाव्यता अध्ययनमा COVID-19 खोपहरू लगाउने र नलगाउनेहरूमा गर्भवती हुने दर समान थिए । COVID-19 विरुद्धका खोपहरू सुरक्षित र प्रभावकारी छन् । Centers for Disease Control and Prevention (CDC), American College of Obstetricians and Gynecologists (ACOG, अमेरिकी प्रसूति विशेषज्ञ र स्त्री-रोग विशेषज्ञ कलेज), र Society for Maternal-Fetal Medicine (SMFM, मातृ-भ्रूण औषधि समाज) (अङ्ग्रेजीमा मात्र) गर्भवती, ल्याक्टेटिङ वा गर्भवती हुने योजना बनाएका मानिसहरूका लागि COVID-19 विरुद्धको खोप सिफारिस गर्छन् ।

कोभिड विरुद्धको खोप लगाउन किन सिफारिस गरिएको छ भन्ने बारेमा डाक्टर LaSalle को विचार सुन्न यस लिङ्कमा जानुहोस्: प्रजनन क्षमता र COVID-19 विरुद्धका खोपहरू - YouTube

### प्रश्न: के खोपले मेरो महिनावारी चक्रमा परिवर्तन ल्याउँछ ?

**उत्तर:** COVID-19 विरुद्धको खोप लगाएका व्यक्तिहरूमध्ये केही मानिसहरूले खोप लगाएपछि आफ्नो महिनावारी चक्रमा लामो समयसम्म महिनावारी रहने, छिटो-छिटो महिनावारी हुने वा सामान्यभन्दा धेरै रक्तस्राव हुने जस्ता परिवर्तनहरू आएको बताएका छन् । 2022 को एक अध्ययनमा, के पत्ता लाग्यो भने COVID-19 विरुद्धको खोप लगाएका महिनावारी भइरहेका व्यक्तिहरू उनीहरूले उक्त खोपको डोज लगाउने समयमा उनीहरूको महिनावारी चक्रको अवधिमा एक दिनभन्दा कम समय वृद्धि भएको थियो । महिनावारी चक्रमा एक दिन तलमाथि हुनु सामान्य दायराभित्र पर्दछ । महिनावारी चक्रमा यी सम्भावित अस्थायी परिवर्तनहरूको बावजुद, **COVID-19 विरुद्धका खोपहरूले प्रजनन समस्याहरू निम्त्याउने कुनै प्रमाण भेटिएको छैन ।** तपाईंको महिनावारी चक्र परिवर्तन हुँदा तपाईंको डिम्बोत्सर्जनको समय परिवर्तन हुन सक्छ । प्राकृतिक परिवार नियोजन र महिनावारी चक्रको ट्र्याकिङमा आधारित अन्य विधिहरू अपनाउने मानिसहरूलाई डिम्बोत्सर्जनको सही समय पहिचान गर्न र गर्भ रहन नदिन/गर्भधारणको योजना बनाउन गाह्रो बनाउन सक्छ । आफ्नो महिनावारी चक्रको बारेमा छलफल गर्न र परिवार नियोजनको बारेमा थप जानकारी प्राप्त गर्न आफ्नो स्वास्थ्य सेवा प्रदायकसँग कुरा गर्नुहोस् ।

### प्रश्न: के COVID-19 विरुद्धको खोपले गर्भनिरोधका उपायलाई असर गर्न सक्छ ?

**उत्तर:** Planned Parenthood का अनुसार, COVID-19 विरुद्धको खोपले गर्भनिरोधका उपायलाई धेरै वा कम प्रभावकारी बनाउँछ भन्ने कुराको कुनै प्रमाण छैन । हाल, खोप लगाएका व्यक्तिहरूबाट उनीहरूको गर्भनिरोधक साधनले खोप लगाएपछि काम गर्न छोडेको कुनै रिपोर्ट आएको छैन । महिनावारी चक्र परिवर्तन भएको बारेमा रिपोर्टहरू प्राप्त भए तापनि यसले व्यक्तिको गर्भनिरोधक साधनले कत्तिको राम्रोसँग काम गर्छ भन्ने कुरालाई असर गर्दैन । यसले महिनावारी चक्र र डिम्बोत्सर्जन अवधि ट्र्याक गर्नमा कठिनाइ सिर्जना गर्न सक्थ्यो; प्रजनन उर्वरा अवधिसम्बन्धी सचेतना विधि जस्ता प्राकृतिक गर्भनिरोधका उपाय अपनाउने मानिसहरूलाई उनीहरूको डिम्बोत्सर्जनको समय थाहा पाउन गाह्रो हुन सक्छ । मानिसहरूलाई उनीहरूको डिम्बोत्सर्जन ट्र्याक गर्न मद्दत गर्न सक्ने साधनहरू उपलब्ध छन् । तपाईंका विकल्पहरू र अन्य थप कुराहरूको बारेमा जानकारी पाउन आफ्ना प्रदायकसँग छलफल गर्न सिफारिस गरिन्छ ।

## प्रश्न: के खोप लगाउँदा शुक्रकीटमा असर गर्न वा नपुंसकता हुन वा दुवै समस्या हुन सक्छ ?

**उत्तर:** हालसम्म COVID-19 विरुद्धको खोप लगायत कुनै पनि खोपले पुरुष प्रजनन अङ्ग भएकाहरूलाई बाँझोपन वा नपुंसकताको समस्या निम्त्याउँछ भन्ने कुराको कुनै प्रमाण भेटिएको छैन । COVID-19 विरुद्धको mRNA खोप लगाउने 45 जना स्वस्थ पुरुषहरूलाई सहभागी गराएर भर्खरै गरिएको एउटा सानो अध्ययनमा खोप लगाउनुअघि र पछिको शुक्रकीटका विशेषताहरू, गुणस्तर र चाल आदि अध्ययन गरिएको थियो । खोजकर्ताहरूले खोप लगाएपछि शुक्रकीटका यी विशेषताहरूमा कुनै विशेष परिवर्तनहरू आएको पत्ता लगाएनन् । वैकल्पिक रूपमा, एक अध्ययनमा के पत्ता लाग्यो भने COVID-19 सङ्क्रमणले सङ्क्रमणपछिका 60 दिनसम्म पुरुषहरूको प्रजनन क्षमतामा कमी आउन सक्छ । कुनै पनि रोगका कारणले ज्वरो आउँदा, जुन COVID-19 को एउटा सामान्य लक्षण पनि हो, यसले सम्भावित रूपमा छोटो अवधिका लागि शुक्रकीट उत्पादनमा कमी गराउन सक्छ । COVID-19 विरुद्धको खोपको साइड इफेक्टको रूपमा ज्वरो आउन सक्ने भए पनि, कोभिड विरुद्धको खोप लगाएपछि शुक्रकीट उत्पादनमा असर गर्छ भन्ने कुराको हालसम्म कुनै प्रमाण भेटिएको छैन । तपाईंसँग थप जिज्ञासाहरू छन् भने आफ्नो स्वास्थ्य सेवा प्रदायकसँग कुरा गर्नुहोस् ।

## प्रश्न: के खोप लगाउँदा IVF (इन भिट्रो फर्टिलाइजेसन) उपचारमा असर पर्छ ?

**उत्तर:** COVID-19 विरुद्धको खोपले IVF उपचार गराइरहेका मानिसहरूमा उपचारका नतिजालाई असर गर्छ भन्ने कुराको कुनै प्रमाण भेटिएको छैन । अध्ययनहरूले IVF को सफलता दरहरूमा COVID-19 विरुद्धको mRNA खोपको कुनै प्रभाव फेला पारेको छैन । एक अध्ययनले खोप लगाएका र खोप नलगाएका मानिसहरू बीच डिम्बग्रन्थि उत्तेजनामा प्रतिक्रिया, अण्डाको गुणस्तर, भ्रूणको विकास वा गर्भावस्थाको नतिजाको तुलना गर्दा कुनै उल्लेख्य भिन्नताहरू फेला परेन । COVID-19 विरुद्धका खोपहरूले प्रजनन क्षमतालाई कुनै असर पार्ने प्रमाण भेटिएको छैन, न त पहिले नै गर्भधारण गर्न संघर्ष गरिरहेकाहरूका लागि थप कठिनाइ सिर्जना गर्ने देखिएको छ । थुप्रै खोपहरू गर्भावस्थाको समयमा र गर्भ रहनुअघि नियमित एवं सुरक्षित रूपमा दिइन्छ, जस्तै फ्लू, टिटानस र डिप्थेरिया खोपहरू । गर्भधारण गर्ने प्रयास गरिरहेकाहरू लगायत 6 महिना वा सोभन्दा बढी उमेरका सबै मानिसलाई COVID-19 विरुद्धको खोप लगाउन सिफारिस गरिन्छ ।

## प्रश्न: के COVID-19 विरुद्धको खोपले गर्भपतन गराउन सक्छ ?

**उत्तर:** होइन, COVID-19 विरुद्धको खोप गर्भावस्थाअघि, गर्भवति हुँदा र त्यसपछि पनि सुरक्षित छ । COVID-19 विरुद्धका खोपहरू लगाउँदा गर्भपतनको जोखिम बढ्छ भन्ने कुराको कुनै प्रमाण भेटिएको छैन । COVID-19 विरुद्धको खोप लगाएकाहरूमा गर्भपतनको उच्च दर भएको देखिएको छैन ।

गर्भपतनको दर मानिसहरूले सोचेभन्दा बढी छ । लगभग 10 देखि 20 प्रतिशत गर्भ तुहिन्छन् । खोप लगाएका केही व्यक्तिहरूमा गर्भपतन हुन सक्छ, तर त्यो खोपको कारणले भएको होइन । खोप लगाएको भए पनि नलगाएको भए पनि गर्भपतन हुन सक्छ । वास्तवमा, गर्भावस्थाको सुरुमै गम्भीर COVID-19 सङ्क्रमण हुने मानिसहरूमा गर्भपतनको जोखिम बढी हुन्छ । खोप लगाउनु भनेको तपाईं र तपाईंको बच्चाका लागि COVID-19 विरुद्ध सर्वोत्कृष्ट सुरक्षा उपाय हो ।

## स्रोतसाधनहरू


Centers for Disease Control and Prevention, "COVID-19 Vaccines for People Who Would Like to Have a Baby". 2022. यहाँ अनलाइनमा उपलब्ध छ: COVID-19 Vaccines for People Who Would Like to Have a Baby | CDC

American College of Obstetricians and Gynecologists, "COVID-19 Vaccination Considerations for Obstetric-Gynecologic Care".2022. यहाँ अनलाइनमा उपलब्ध छ: COVID-19 Vaccination Considerations for Obstetric–Gynecologic Care | ACOG

World Health Organization, "Questions and Answers: COVID-19 vaccines and pregnancy." 2022. यहाँ अनलाइनमा उपलब्ध छ: Questions and Answers: COVID-19 vaccines and pregnancy (who.int)

Mount Sinai, "Large Study Provides Reassurance that COVID-19 Vaccination Does Not Affect Fertility or Early Pregnancy." 2022. यहाँ अनलाइनमा उपलब्ध छ: Large Study Provides Reassurance that COVID-19 Vaccination Does Not Affect Fertility or Early Pregnancy | Mount Sinai - New York


***व्यक्तिगत मेडिकल निर्णयहरू गर्दा सधैँ आफ्नो विश्वसनीय स्वास्थ्य सेवा प्रदायकसँग परामर्श लिनुहोस् ।***




यो कागजातलाई अर्को ढाँचामा अनुरोध गर्न 1-800-525-0127 मा फोन गर्नुहोस् । सुन्न नसक्ने वा सुन्न गाह्रो हुने ग्राहकहरूले, कृपया 711 (Washington Relay) मा फोन गर्नुहोस् वा civil.rights@doh.wa.gov मा इमेल गर्नुहोस् ।